# ककनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रानिपौवा, नुवाकोट
स्थापना: २०७३
बागमती प्रदेश

Phone: 010-411022
Email: ito.kakanimun@gmail.c
Website: kakanimun.gov.np


**मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्वन्धी सुचना।**

पहिलो पटक प्रकाशित मिति : २०७९/०२/१७

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट प्राप्त मृगौला प्रत्यारोपण गरेका डायलासिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाइ औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ अनुसार गाउँपालिकाले लक्षित समुहलाई मासिक रु ५००० रुपैयाँका दरले औषधी उपचार खर्च प्रदान गरिने भएकोले सम्बन्धित लाभग्राहीले आवश्यक कागजात सहित यो सुचना प्रकाशन भएको मितिले एक महिना भित्र आफ्नो वडा कार्यालयमा निवेदन पेश गर्नुहुन सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

उपचार खर्च पाउने लक्षित समुह

- मृगौला प्रत्यारोपण गराईरहेका ।
- डायलाइसिस गराईरहेका ।
- क्यान्सर रोगका उपचार गराईरहेका ।
- क्यान्सर निको भईसकेका तर चिकित्सकले ३/३ महिना भित्र निरन्तर निग्रानी (Close followup) मा राखेका व्यक्ति ।
- मेरुदण्ड पक्षघात भएका (रातो र निलो परिचयपत्र भएका) ।

उपचार खर्च नपाउने व्यक्ति

- नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको रोजगारि वा निवित्तभरण पाईरहेको व्यक्ति ।
- विदेशी सरकारवाट रोजगार वा पेन्सन प्राप्त गरिरहेका व्यक्ति ।

दोहोरो भत्ता नपाउने व्यक्ति

- सामाजिक सुरक्षा भत्ता पाईरहेको व्यक्तिले सा.सु भत्ता वा यस कार्यविधि बमोजिमको खर्च मध्ये कुनै एक मात्र प्राप्त गर्नेछन् ।
- माथि उल्लेखित रोगहरु मध्ये एक भन्दा बढी रोग लागेका व्यक्तिले कुनै एक रोगका लागि मात्र पाउनेछन र कसैले पनि दोहोरो पर्ने गरि उपचार खर्च प्राप्त गर्नेछन ।

निवेदन दिने सम्बन्धि व्यवस्था

- वडा कार्यालयमा उपलब्ध रहेको अनुसुची २ अनुसारको ढाँचामा वडा कार्यालयमा निवेदन दिने ।

निवेदनको साथ पेश गर्नुपर्ने कागजात

- राष्ट्रिय परिचयपत्र वा नागरिकताको प्रमाण पत्रको प्रतिलिपि नावालकको हकमा जन्मदर्ता प्रमाण पत्र ।
- वडा कार्यालयमा उपलब्ध अनुसूची १ बमोजिमको ढाँचामा चिकित्सकको सिफारिस ।

गीता कुमारी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner